महाभारत गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ९** **सङ्ख्याः १** **मितिः २०८२/०७/२६**

भाग -२

## महाभारत गाउँपालिका

## **<u>महाभारत गाउँपालिकाको बहुबर्षीय आयोजनाको ठेक्का व्यवस्थापन सम्बन्धी मापदण्ड, २०८२</u>**

महाभारत गाउँपलिकाबाट सञ्चालित बिभिन्न बहुबर्षीय आयोजनाहरुको समुचित व्यवस्थापन गर्न र स्रोतको व्यवस्थापनलाई व्यवहारिक बनाउन आवश्यक भएकोले यस्ता आयोजनाहरुको बहुबर्षीय ठेक्का स्वीकृत गर्ने कार्यलाई व्यवस्थित गर्न,

महाभारत गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी महाभारत गाउँपालिकाले यो मापदण्ड बनाएको छ ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>** (1) यस मापदण्डको नाम “महाभारत गाउँपालिकाको बहुवर्षीय ठेक्का व्यवस्थापन सम्बन्धी मापदण्ड, २०८२” रहेको छ ।

(२) यो मापदण्ड तुरन्त प्रारम्भ हुनेछ ।

**२. <u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा:

(क) "आयोजना" भन्नाले गाउँपालिका अन्तर्गत बार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका दफा ४ बमोजिमका आयोजनामध्ये बहुबर्षीय ठेक्का व्यवस्थापन गर्नुपर्ने भनी पहिचान भएका, स्थानीय गौरवका आयोजना, वा गाउँपालिकाको उच्च प्राथमिकतामा परी तयारी भएका आयोजना वा त्यस्ता आयोजनाको कुनै खण्ड वा उपखण्ड सम्झनुपर्छ र सो शब्दले गाउँपालिकासँग लागत साझेदारी गरेका आयोजनालाई समेत जनाउँछ ।

(ख) "कार्यपालिका" भन्नाले महाभारत गाउँपालिका अन्तर्गत गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले महाभारत गाउँपालिका सम्झनु पर्छ ।

(घ) "बहुबर्षीय ठेक्का" भन्नाले स्थानीय गौरवका आयोजनाको हकमा आयोजनाको अवधिभर र अन्य आयोजनाको हकमा दुई आर्थिक बर्षभन्दा बढी तीन आर्थिक बर्षसम्मको ठेक्का सम्झनु पर्छ ।

(ङ) "विषयगत शाखा" भन्नाले महाभारत गाउँपालिका गाउँ कार्यपालिका अन्तर्गत रहेका विषयगत शाखा सम्झनु पर्छ ।

(च) "विषयगत समिति" भन्नाले महाभारत गाउँपालिका गाउँ कार्यपालिका अन्तर्गत रहेका विषयगत समिति सम्झनु पर्छ ।

(छ) "स्थानीय गौरवको आयोजना" भन्नाले गाउँ कार्यपालिकाले स्थानीय गौरवको आयोजनाको रुपमा तोकेको आयोजना सम्झनु पर्छ ।

(ज) "स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ को उपदफा (१) बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

३. **<u>आयोजना प्रस्ताव पेश गर्ने:</u>** (१) आयोजनाको बहुबर्षीय ठेक्का कार्यान्वयन गर्न स्वीकृतिका लागि सम्बन्धित विषयगत शाखाले देहायको विवरण संलग्न गरी असोज मसान्तभित्र कार्यपालिकामा प्रस्ताव पेश गर्नु पर्नेछः...

(क) अनुसूची १ बमोजिमको आयोजना प्रस्ताव फाराम

(ख) मध्यमकालीन खर्च संरचनामा उल्लेख भएअनुसार पहिलो तीन आर्थिक बर्षको चालु, पुँजिगत र वित्तीय व्यवस्थाको बजेट, स्रोत र प्रमुख क्रियाकलाप सहितको विवरण

(ग) अनुसूची २ बमोजिमको आयोजनाको लागि बहुबर्षीय ठेक्का पूर्व स्वीकृति सम्बन्धमा आवश्यक आधार पुरा गरेको चेकलिष्ट

(घ) आयोजनाको लागत ब्यहोर्ने स्रोत स्पष्ट खुलेको विवरण र

(ङ) गाउँपालिकाको बजेट तथा कार्यक्रममा प्रविष्ट गरेको विवरण

(२) उपदफा (१) बमोजिम आयोजना प्रस्ताव प्राप्त भएपछि कार्यपालिकाले मुल्याङ्कन गरी बहुबर्षीय ठेक्का कार्यान्वयन गर्न उपयुक्त देखेमा कार्तिक १५ गतेभित्र स्रोत सहमतिका लागि सिफारिस सहित स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त आयोजनाका लागि स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले स्रोत उपलब्धताका आधारमा स्रोत सहमति सम्बन्धमा कार्तिक मसान्तभित्र निर्णय गरी कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम स्रोतको सहमति प्राप्त भएपश्चात कार्यपालिकाले बहुबर्षीय आयोजनाको ठेक्का कार्यान्वयन गर्न स्वीकृत गर्न सक्नेछ ।

(५) चालु आ.व. २०८२/०८३ का लागि बहुबर्षीय ठेक्काको स्रोत सहमति तथा स्वीकृति सम्बन्धी सम्पुर्ण प्रक्रिया २०८२ माघ १५ भित्र सम्पन्न गरिसक्नु पर्नेछ ।

**४. <u>बहुबर्षीय ठेक्का सहमति सीमा:...</u>** (१) देहायका क्षेत्रमा कार्यान्वयन हुने कुल लागत अनुमान २ करोड रुपैयाँभन्दा बढी १० करोड रुपैँयासम्मको आयोजनालाई बहुबर्षीय ठेक्का कार्यान्वयन गर्न स्वीकृति दिन सकिनेछ ।

(क) सडक तथा अन्य यातायात पूर्वाधार

(ख) उर्जा, सिँचाई तथा जलस्रोत

(ग) सूचना प्रविधि तथा सञ्चार

(घ) भवन आवास तथा सहरी विकास

(ङ) कृषि, औद्योगिक तथा ब्यापारजन्य पूर्वाधार

(च) खानेपानी तथा सरसफाई

(छ) खेलकुद पूर्वाधार

(ज) ठूला पर्यटन पूर्वाधार

(झ) शिक्षा, स्वास्थ्य, विज्ञान तथा प्रविधि पूर्वाधार

(ञ) साँस्कृतिक, धार्मिक र पुरातात्विक पूर्वाधार संरक्षण

(ट) विपद् व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापना ।

(२) उपदफा (१) मा उल्लेखित सीमाभन्दा कम लागत अनुमान भएका आयोजना गाउँपालिकाले सालबसाली रुपमा कार्यान्वयन गर्नुपर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाले उपदफा (१) मा उल्लेखित सीमाभन्दा कम लागत भएका आयोजनालाई विनियोजित रकमभन्दा बढी अंकको ठेक्का प्रक्रिया अगाडि बढाउनुपर्ने भएमा चालु आ.व.मा उक्त आयोजनाको कूल लागत अनुमानको कम्तिमा एक तिहाई बजेट विनियोजन भएको हुनुपर्नेछ ।

(४) उपदफा (१) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि मोटरेवल पुल र झोलुङ्गे पुलको हकमा रकमको सीमा लागु हुने छैन ।

**५. <u>बहुबर्षीय ठेक्का स्वीकृतिका आधार:</u>** (१) कुनै आयोजनालाई बहुबर्षीय आयोजनाको रुपमा स्वीकृत गर्न आयोजना प्रस्ताव गर्न देहायका मापदण्ड तथा आधारहरु अवलम्वन गर्नुपर्नेछ ।

(क) बहुबर्षीय ठेक्काका लागि प्रस्तावित आयोजनाको निर्माण सम्पन्न हुने अवधि ३ बर्षसम्म भएमा लागत अनुमानको कम्तिमा तिस प्रतिशत र दुई बर्षसम्म भएमा लागत अनुमानको कम्तिमा चालिस प्रतिशत बजेट चालु आ.व.मा विनियोजन भएको,

(ख) विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत इन्जिनियरिङ डिजाइन स्वीकृत भएको,

(ग) आयोजनाको वातावरणीय प्रभाव मुल्याङ्कन वा प्रारम्भिक वातावरणीय परिक्षण वा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन सम्पन्न भई स्वीकृत भएको,

(घ) गाउँपालिकाको मध्यमकालीन खर्च संरचनामा समावेश भएको,

(ङ) खरिद गुरुयोजना, कार्यान्वयन कार्ययोजना, अनुगमन तथा मुल्याङ्कन योजना र बार्षिक खरिद योजना तयार भएको,

(च) आयोजना कार्यान्वयन स्थलको साइट क्लियरेन्स भएको,

६. **बहुबर्षीय ठेक्काको स्रोत सहमति सम्बन्धी व्यवस्था:** (१) दफा (४) बमोजिमका आयोजनामा दफा (५) बमोजिमका आधारहरु पूरा गरी बहुबर्षीय ठेक्का कार्यान्वयनका लागि विनियोजित बजेट र गाउँपालिकाको वित्तीय अवस्था समेतको आधारमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बहुबर्षीय ठेक्का कार्यान्वयन गर्न स्रोत सहमति प्रदान गर्न सक्नेछ ।

(२) प्रदेश वा संघीय सरकारको सहलगानिमा कार्यान्वयन हुने आयोजनाको हकमा गाउँपालिकाले ब्यहोर्ने अंशको लागि मात्र स्रोत सहमति प्रदान गरिनेछ ।

७. **<u>कार्यान्वयन गर्ने जिम्मेवारी :</u>** (१) बहुबर्षीय ठेक्काको स्रोत सहमति प्राप्त भएको आयोजना सञ्चालन गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ ।

(२) बहुबर्षीय ठेक्का स्वीकृत भएका आयोजनाको लागि बार्षिक बजेट प्रस्ताव गर्दा आगामी आर्थिक बर्षका लागि आवश्यक बजेट रकम अनिवार्य दायित्वको रुपमा पेश गर्नुपर्नेछ ।

(३) बहुबर्षीय ठेक्काको स्रोत सहमति प्राप्त भएको आयोजनाको खरिद प्रक्रिया पौष १५ गतेभित्र सुरु गरिसक्नु पर्नेछ ।

(४) बहुबर्षीय ठेक्काको स्वीकृत भएको आयोजनाको अनुगमन तथा मुल्याङ्कन गाउँपालिका अन्तर्गतको अनुगमन समितिले गर्नेछ ।

८. **<u>स्पष्ट गर्ने अधिकार :</u>** (१) यस मापदण्डमा उल्लेख गरिएको विषयमा कुनै द्विविधा भएमा कार्यपालिकाले आवश्यक ब्याख्या गरी स्पष्ट गर्न सक्नेछ ।

**अनुसूची -१**

**दफा ३ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित**

**बहुबर्षीय ठेक्का कार्यान्वयनका लागि प्रस्तावित आयवजनाको विवरण ढाँचा**

महाभारत गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देविटार काभ्रेपलाञ्चोक

**आयोजना प्रस्ताव फारम**

महाभारत गाउँपालिका

**खण्ड (क): आयोजनाको आधारभुत विवरण:**

१. आयोजनाको नाम:

२. आयोजनाको लक्ष्य:

३. आयोजनाको उद्येश्य:

४. आयोजनाको प्रतिफल:

५. आयोजनाको किसिम:

सेवा प्रधान ☐ अनुसन्धान प्रधान ☐ उत्पादन प्रधान ☐

निर्माण प्रधान ☐ सुशासन प्रधान ☐

६. आयोजना कार्यान्वयन हुने क्षेत्र र छनौटका आधार:

(क) आयोजना कार्यान्वयन हुने क्षेत्र:

(ख) छनौटका आधारहरु:

७. आयोजनाको अवधि (प्रस्तावित जम्मा बर्ष) :

(क) सुरु हुने आ.व. : (ख) सम्पन्न हुने आ.व.:

**खण्ड (ख): आयोजनाको वित्तीय विवरण:**

८. आयोजनाको कुल लागत र स्रोतको विवरण (रु. हजारमा):

९. आयोजनाको कुल लागतको अनुमानित बार्षिक बाँडफाँड (रु हजारमा):

| आर्थिक बर्ष | बाँडफाँड | | | |
|---|---|---|---|---|
| | संघ सरकार | प्रदेश सरकार | गाउँपालिका | जम्मा |
| | | | | |
| | | | | |
| | | | | |

१०. परामर्शदाताको खर्च सम्बन्धी विवरण:

| क्र.स. | आ.व. | अनुमानित खर्च रु. |
|---|---|---|
| | | |
| | | |

११. आयोजनाको सम्भाव्यता अध्ययन:

(क) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययन भएको छ कि छैन? नभएको भए हुनु नपर्ने कारण:

(ख)आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययन भएको बर्ष:

(ग) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययनको निष्कर्ष:

१२. आयोजनाको वित्तीय बिश्लेषण:

(क)लागत फिर्ता अवधि (Pay-back period)

(ख)लाभ- लागत अनुपात (Benefit – cost ratio)

(ग) वित्तीय प्रतिफल दर (Financial Internal Rate of Return -FIRR)

(घ) आर्थिक प्रतिफल दर (Economic Internal Rate of Return -FIRR)

(ङ) खुद बर्तमान मुल्य (Net Present Value)

(च) लागत प्रभावकारिता अध्ययन (Cost effectiveness analysis)

(छ)सम्भाव्यता अध्ययन गर्ने निकाय:

१३. वातावरणीय अध्ययनको संक्षिप्त विवरण (नभएको भए कारण उल्लेख गर्ने):

१४. आयोजना कार्यान्वयनबाट हुने लाभ र लाभको प्रकृति:

(क)लाभान्वित हुने कुल जनसंख्या:

(ख)रोजगारी सृजना संख्या (श्रमदिन):

(ग) उत्पादनमा बृद्धि हुने अनुमानित परिमाण:

(घ)क्षेत्रीय सन्तुलनमा हुने योगदान:

**खण्ड (ग) : प्रशासनिक तथा व्यवस्थापकीय विवरण:**

१५. आयोजनाको लागि जग्गा प्राप्तिको अवस्था:

(क)आवश्यक जग्गा:

(ख)जग्गा विवाद भएको / नभएको:

(ग) जग्गाको प्रकार:

(घ) प्राप्त भएको जग्गाको स्थान क्षेत्रफल र कित्ता नं.

(ङ) जग्गा प्राप्तिको माध्यम:

१६. आयोजनाको अनुगमन तथा मुल्याङ्कन गर्ने संस्थागत व्यवस्था:

(क) अनुगमन तथा मुल्याङ्कनका लागि छुट्याइएको रकम:

(ख) प्रदेश/संघीय सरकारबाट गरिने अनुगमन तथा मुल्याङ्कनको विवरण:

(ग) आयोजनाको प्रभाव वा प्रतिफल हर्ने सूचकको विवरण:

१७. मध्यमकालिन खर्च संरचना अनुररूप आयोजनाको प्राथमिकता:

१८. आयोजनाको दीगोपना र सम्पन्न भएपछि सञ्चालन (Phase out plan) सम्बन्धी व्यवस्था:

महाभारत गाउँपालिका

अनुसूची-२

(दफा ३ को उपदफा (१) को खण्ड (ग) सँग सम्बन्धित)

**आयोजनाको लागि बहुबर्षीय ठेक्का स्वीकृत सम्बन्धमा आवश्यक आधार पूरा गरेको चेकलिष्ट**

| क्र.स. | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | कुल लागत अनुमान २ करोड रुपैयाभन्दा बढी भएको | | | |
| २ | आयोजनाको निर्माण सम्पन्न हुने अवधि तिन वर्ष भएमा लागत अनुमानको कम्तिमा तीस प्रतिशत, दुई वर्षसम्म भएमा लागत अनुमानको कम्तिमा चालिस प्रतिशत बजेट चालु आ.व.मा विनियोजन भएको | | | |
| ३ | आयोजनाको प्राथमिककरण p1 मा परेको | | | |
| ४ | बहुबर्षीय ठेक्कामा जाने आयोजनाको ठेक्काको समय कम्तिमा दुई बर्ष भएको | | | |
| ५ | सम्बन्धित निकायबाट विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत इन्जिनियरिङ डिजाइन स्वीकृत भएको | | | |
| ६ | आयोजना वातावरणीय अध्ययन (वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परिक्षण वा संक्षिप्त वातावरणीय अध्ययन) सम्पन्न भएको | | | |
| ७ | आयोजनाको लागि जग्गा सम्बन्धी विवाद नरहेको | | | |
| ८ | मध्यमकालीन खर्च संरचनामा समावेश भएको | | | |
| ९ | खरिद गुरुयोजना, कार्यान्वयन कार्ययोजना, अनुगमन तथा मूल्याङ्कन योजना, र बार्षिक खरिद योजना तयार भएको | | | |
| १० | आयोजना कार्यान्वयन स्थलको साइट क्लियरेन्स भएको | | | |
| ११ | संघ वा प्रदेश सरकारको लागत साझेदारीमा सञ्चालन हुने आयोजना भए लाभ लागत अनुपात उपयुक्त भएको र लागत साझेदारीको प्रतिबद्धता/स्वीकृत भएको | | | |

आज्ञाले,
राम बहादुर तामाङ
प्रमुख प्रशासकीय अधीकृत